बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

परिपत्र नं. ३०

बी.स. १३५ (२०७६/०७७) च.नं.५३३७

मिति: २०७७/०२/३२

**श्री ईजाजतपत्र प्राप्त सबै बीमा कम्पनीहरु,**

विषय: **निर्देशन सम्बन्धमा।**

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भइरस (COVID-19) का कारण नेपाल सरकारले मिति २०७६ चैत्र ११ गते देखि लकडाउन घोषणा गरिएको अवस्थामा बीमा समितिद्वारा विभिन्न मितिहरुमा परिपत्रहरु जारी भएको विदितै छ। साथै, अत्यावश्यक बीमा सेवा निरन्तरताका लागि देहाय बमोजिमको व्यवस्था गरिएकोले सोही अनुसार गर्न गराउनुहुन निर्देशन गरिएको छ :-

(क) लकडाउनको अवधि भित्र संकलन गर्नुपर्ने जीवन बीमा प्रिमियम बापतको रकम संकलन गर्ने अवधि २०७७ जेठ मसान्तसम्म रहेकोमा अब उप्रान्त लकडाउन समाप्त भएको मितिले १५(पन्ध्र) दिनसम्म ब्याज नलाग्ने ब्यवस्था गर्नुहुन,

(ख) मिति २०७७ बैशाख १५ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनामा सम्पूर्ण सरकारी कार्यालय, निकाय वा उद्योगले विदा दिएको कर्मचारी वा श्रमिकको हकमा खाइपाई आएको तलब, भत्ता पाउने गरी त्यसरी विदा दिएको अवधिलाई सम्बन्धित कार्यालय प्रमुखले सार्वजनिक विदा कायम गर्ने निर्णय बमोजिम सबै बीमा कम्पनीहरुले सोही बमोजिम विदाको व्यवस्थापन गर्नुहुन,

(ग) श्री नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।०२।२८ को बैठकबाट सरकारी कार्यालय, शिक्षण संस्थाका कार्यालय, गैरसरकारी तथा निजी क्षेत्रका कार्यालय र बैंक तथा वित्तीय संस्थाहरु बिहान ८ बजेदेखि दिउसो १ बजेसम्म र दिउसो १ बजेदेखि साँझ ६ बजेसम्म दुई सिफ्टमा सञ्चालन गर्ने निर्णय बमोजिम सबै बीमा कम्पनीहरुले सोही बमोजिम गर्ने ब्यवस्था गर्नुहुन।

(राजु रमण पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ:**

श्रीमान् अध्यक्षज्यूको सचिवालय, बीमा समिति।

पो.ब.नं. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोन: ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np